# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 20 No 11 | Monthly International Edition of Herald of His Coming | November 2019

वर्ष २०, अङ्क ११ | हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन | (मंसिर, २०७६)


# येशूले संसारलाई जित्नु भएको छ
## (Jesus Has Overcome the world)

Vol. 78 No. 927

**By Kim Butts**

साँच्चै नै येशूले भन्नुभयो, म संसारलाई जितेको छु, आज हामीलाई त्यही विजयी दिनुभएको छ । "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु कि ममा तिमीहरूलाई शान्ति होस्, संसारमा तिमीहरूलाई संकट हुनेछ तर साहस गर, मैले संसारलाई जितेको छु । (यूहन्ना १६ : ३३) येशूले ख्रीष्टियनहरूलाई दुःख कष्ट बेहोर्न परेमा लुकाउनु भएन, उहाँले भन्नुभयो तिमीहरूको जीवनमा कष्ट आउछ । "यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने तिमीहरूले जान कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो । यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्ने थियो तर तिमीहरू यसलाई घृणा गर्दछ ।" (यूहन्ना १५ : १८-१९) साधारण ख्रीष्टले यस संसारलाई जित्न सक्दैनन् । तर साँचो विश्वासी जसले येशू ख्रीष्टलाई हेरेको हुन्छ, उसले आफ्नो सबै परिस्थितिहरूमा विजय प्राप्त गर्दछ ।

संसारमा हामी रहँदा हामीले संसारबाट बेग्लै हुनको निम्ति हृदयदेखि नै तयारी हुनुपर्छ जसले गर्दा परमेश्वरले वचनलाई पछ्याउन र येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्न र उहाँ हाम्रो निम्ति मर्नु भएर तेस्रो दिनमा बौरी उठ्नु भएको हो भनी ढुक्करहन र उहाँको प्रेम हाम्रो जीवनमा प्रकट गर्न सजिलो हुन्छ । येशूले बनाउनु भएका योजनाहरूका सबै हाम्रा उन्नति र प्रगतिका लागि हुन् । हरेक किसिमका परिस्थितिमा पनि हामीलाई उहाँले विजय नै दिनुहुन्छ ।" (यर्मिया २९ : ११) पावलले पनि विभिन्न किसिमका उदाहरणहरू दिएका छन् । जब हाम्रो जीवनमा हामी हिँड्दै गर्दा दुःखकष्ट निराशपन, सहायता विनाको जीवन आउँछन् । उनले यसरी भन्दछन्, "तर मलाई उहाँले भन्नुभयो, मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ । यसकारण ख्रीष्टको शक्ति ममा बास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढी खुसीसाथ गर्न गर्नेछ । यसकारण ख्रीष्टको खातिर दुर्बलताहरूमा बदनामीहरूमा, कठिनाइहरूमा सन्तुष्टहरूमा, आपद्हरूमा सन्तुष्ट रहन्छ किनकि जब म दुर्बल छु तब म शक्तिशाली छु ।" (कोरिन्थी १२ : ९ - १०) कसरी हामीले विभिन्न किसिमका आधिबेरीमा विजय प्राप्त गर्ने ? एउटा मात्र उपाय प्रार्थना हो । हामीले हाम्रा नानीहरूलाई ख्रीष्ट येशूमा विजय छ भन्ने कुरा दिनदिनको जीवनमा देखाउनु पर्छ । हाम्रो जीवनद्वारा अरू भतिजहरू पनि प्रेरित हुन सक्छन् । सबै ख्रीष्टनहरूलाई बाइबलबाट राम्रोसँग सिकाउनुपर्छ । व्यक्तिगत जीवनको बारेमा पारिवारिक जीवनको बारेमा, सामाजिक जीवनको बारेमा कस्तो अवस्थामा येशूले विजय दिनुहुन्छ भन्ने कुरा बाइबलका थुप्रै उदाहरणहरू देखाएर सिकाउनु पर्छ । जहाँ परमेश्वरका दासहरूले विजय प्राप्त गरेका छन् ।

**परमेश्वरको उपस्थिति पुरानो करारदेखि नयाँ करारसम्म**

नयाँ करार भएन भने धेरै मानिसहरूले पुरानो करारलाई बुझ्न सक्दैनन् । नयाँ करार बुझ्नका लागि पुरानो करार त्यत्तिकै आवश्यक छ । पुरानो करार बुझ्न पनि करारको त्यत्तिकै आवश्यक छ । पुरानो करारमा परमेश्वरले मानिसहरूलाई आमने सामने भेट गर्थे । जस्तै येशूले होरेप पहाडमा जलिरहेको पोथ्राद्वारा भेटेका थिए । त्यस्तै अरू विभिन्न ठाउँमा पनि येशूले परमेश्वरसँग

आमनेसामने भेटेर कुरा गरेका थिए। प्रस्थानको पुस्तकमा यसरी लेखिएको छ। “जब मोशाले तिनीहरूसँग कुरा गरी सके तब तिनले उनको अनुहारमा एउटा घुम्टो हाले तर मोशा परमप्रभुको सामुन्ने कुरा गर्न जान्थे तब बाहिरी ननिस्कुन्जेल त्यो घुम्टो उतार्थे जे आज्ञा तिनले पाउँथे त्यो तिनले बाहिरा आएर इस्राएलीहरूलाई सुनाउँथे इस्राएलीहरूले मोशाको अनुहार चम्केको देख्दथे। तब येशूले परमप्रभुसित कुरा गर्नलाई भित्र नपुन्जेल त्यो घुम्टो आफ्नो अनुहारमा छोपिरहन्थे।” (प्रस्थान ३४ : ३३ - ३५) मोशालाई परमेश्वर कहाँ हुनुहुन्छ भन्ने कुरा थाहा थियो। परमेश्वरको उपस्थिति भेटाउनलाई मोशा ठीक समयमा ठीक ठाउँमा जानुपर्‍यो। अनि मात्र उनले परमेश्वरको उपस्थिति पाउँथे र भेट्न सक्थे। मोशाले परमेश्वरले भन्नुभएका कुरा पालन गरेरसबै इस्त्रएलीहरूलाई जस्ताको तस्तै बनाई दिन्थे। “त्यही नै तिमीहरू र तिमीहरूका परिवारले परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने खानपान गर्नेछौ र तिनीहरुले गर्ने सबै काममा आनन्द मनाउने छौ कारण परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष दिनु भएको छ।” ( व्यवस्था १२ : ७)

परमेश्वर शमूएलसँग पनि बोल्नुभएको थियो। जब शमूएल सानो थियो परमेश्वरको अनग्रहमा बढ्दैथिए। (१ शमूएल २ : २१) यदि हामीले सानो बालकहरूलाई उनीहरूको जवान अवस्थामै असल शिक्षा दिन सक्यौं भने जब उनीहरू बाढ्दै जान्छन् उनीहरूले परमेश्वरको बाटो पछ्याउँछन् र विश्वासयोग्य भएर परमेश्वरको राज्यको काम गर्दछन्। जब यरुशलेमको मन्दिर बनायो आफ्ना मानिसहरूद्वारा परमेश्वरले आफ्नो उपस्थिति दिनुभयो। येरुशलेमको मन्दिर पूरा भएपछि दाउदले परमेश्वरलाई प्रार्थना गर्दै मन्दिरलाई अर्पण गरेका थिए।” तर के परमेश्वर निश्चय नै पृथ्वीमा वास गर्नुहुन्छ र ? स्वर्गहरू स्वर्गभन्दा पनि उच्च स्वर्गमा तपाई अटाउनुहुन्न भने मैले निर्माण गरेको यो मन्दिरबाट झन् कसरी अटाउनु हुन्छ। तापनि हे परमप्रभु मेरा परमेश्वर ! आफ्नो दासको प्रार्थना र दयाको निम्ति उसको पुकारमा ध्यान दिनुहोस्। आजको दिन तपाईंको उपस्थितिमा तपाईंको दासले गरेको पुकार र प्रार्थना सुन्नुहोस्।”(१ राजा ८ : २७ - २८) परमेश्वरसँग आज पनि मन्दिर छ तर यो ठाउँ परिवर्तन भएको छ। जुन ठाउँ पेन्तिकोसको दिनमा पवित्र आत्मा खन्याउनुभयो, मण्डलीको स्थापना गर्नुभयो। परमेश्वरको उपस्थिति पुरानो करारमा भवनमा हुन्थ्यो भने नयाँ करारमा आफ्नो विश्वासीजनहरूसँग हुन्छ। जसले परमेश्वरको निम्ति आफ्नो हृदयबाट मन्दिर बनाइदिन्छ त्यसकहाँ परमेश्वर वास गर्नुहुन्छ। र, त्यससँग हुनुहुन्छ। खीष्ट हामीभित्र रहनुहुन्छ जहाँजहाँको उपस्थिति हुन्छ, त्यहाँ नै परमेश्वरको मन्दिर बन्दछ। जहाँ परमेश्वरको उपस्थिति हुन्छ, त्यही प्रार्थनाको उत्तर मिल्दछ। यी सबै कुराहरू हामीले हाम्रा सन्ततिहरूलाई सिकाउनु पर्छ। परमेश्वरको वचनमा यस्तो भन्दछ। बलियो र साहसी हो, यिनीहरूसित नडराउ र त्रसित नहोऊ किनभने परमप्रभु तिमीहरूका परमेश्वर नै तिमीहरूसँग जानुहुन्छ। उहाँले तिमीहरूलाई कहिल्यै छोड्नु हुने छैन न त त्याग्नु हुनेछ।” (व्यवस्था ३१ : ६) त्यस्तै दाउदले पनि पवित्र आत्माद्वारा प्रेरित भएर भन्दछन्। “तपाईंका आत्माबाट म कहाँ अलग जान सक्छ ? अभाव तपाईंको उपस्थितिबाट मकहाँ भाग्न सक्छ ? परमेश्वरको उपस्थिति हामी सम्पूर्ण मानिसमाथि राख्नुभएको छ, उहाँबाट हामी भाग्न सक्दैनौ। (भजनसंग्रह १३९ :७)

**(१) परमेश्वरबाट अलग गर्ने कुनै पनि थोक बनिएको छैन पाप बाहेक :** यी सबै कुरा आफ्नो परिवारलाई राम्रोसँग सिकाउनुपर्छ पाप के हो परमेश्वरको उपस्थिति के हो परमेश्वरको उपस्थिति कहाँहुन्छ भन्ने कुरा पूर्ण रूपले सिकाउनुपर्छ। जसको हृदय सफा छ त्यहाँ मात्र परमेश्वरको उपस्थिति हुन्छ र उनीहरूले उहाँको उपस्थितिको जीवन जीउन सक्छन्। परमेश्वर जसले सबै कुरा बनाउनु भयो, मानिसको निम्ति के गर्नुपर्छ भन्ने कुरा उहाँलाई थाहा छ। “तपाईंले हाम्रो अधर्म आफ्नै सामुन्ने राख्नुभएको छ। हाम्रा गुप्ता पापहरू तपाईंको उपस्थितिका प्रकाशमा छन्।” (भजनसंग्रह ९० : ८० छलकपट गर्ने मानिस मेरो घरमा वास पाउने छैन। झुटा बोल्ने मानिस मेरो नजरको सामुन्ने रहन पाउने छैन।” (भजनसंग्रह १०७:७) येशूमात्रै हामीलाई पापबाट मुक्त गर्न सक्नुहुन्छ। “कमारो सधैंभरि घरमा रहँदैन तर पत्रचाहिँ घरमा रहन्छ। यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौं।” (यूहन्ना ८ :३५ - ३६)

**परमेश्वरको उपस्थितिमा जान चाहनुभयो भने परमेश्वर तिमीलाई के गर्नुहुन्छ :** परमेश्वरको वचनले यो बताउँछन् कि यदि उहाँका सन्तानले उहाँको उपस्थितिमा जान्न चाह्यो भने उहाँले आफ्नो उपस्थिति दिनुहुन्छ केही पदहरू तल दिइएको छ उहाँले हामीलाई संरक्षण दिनुहुन्छ। “तपाईंका उपस्थितिको सुरक्षित ठाउँमा तिनीहरूलाई मानिसका संयन्त्रबाट तपाइले लुकाउनु हुन्छ। तपाईंले तिनीहरूलाई दोष लगाउने जिब्रोबाट आफ्नो वासस्थानमा सुरक्षित राख्नुहुन्छ।” (भजनसंग्रह ३१ : २०)

**(२) उहाँले हामीलाई पूर्ण आनन्दले भर्नुहुन्छ।** “तपाईंले मलाई जीवनको मार्ग देखाउनुभएको छ तपाईंको उपस्थितिद्वारा तपाईंले आनन्दले मलाई गदगद पर्नु हुनेछ

तपाईंको दाहिने बाहुलीमा आनन्द आनन्द छ ।" (भजनसंग्रह १६ :११) "साँच्चै तपाईंले उनलाई आनन्दको आशिष दिनुहुन्छ अनि आफ्नो उपस्थितिको आनन्दले हर्षित बनाउनु हुन्छ ।" (भजनसंग्रह २१:६) "तपाईंले मलाई जीवनको मार्गहरू बताउनुभयो, तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गदगद पर्नु हुनेछ ।"(प्रेरित २:२८)

**(३) उहाँले हाम्रो हृदयलाई शक्ति दिनुहुन्छ:** जसरी हामी तिमीहरूलाई प्रेम गर्छौं त्यसरी नै प्रभुले तिमीहरूलाई एउटाले अर्कोसँग र सबै मानिससँग प्रेममा बढ्ने र प्रशस्त भइरहने तुल्याउन यस हेतुले कि उहाँका सबै सन्तहरूका साधमा हाम्रा प्रभु येशू ख्रीष्टको पुनरागमन हुँदा उहाँले हाम्रो परमेश्वर पिताको सामुन्ने तिमीहरूको हृदय पवित्र र निष्खोट तुल्याई स्थिर गराउन ।" (१ थेसलोनिकी ३:१२ - १३)

कसरी परमेश्वरको मानिसले उहाँको उपस्थितिको प्रतिक्रिया जनाउने कसरी कि हामी होसियार भएर "हे समुद्र, तँलाई के भयो र तँ भागिस् हे यर्दन तँ किन फर्केर गइस् । हे पृथ्वी, परमप्रभुको सामुन्ने याकूबका परमेश्वरको सामुन्ने थरथरी होऊ ।" (भजनसंग्रह ११४ : ५, ७) "तब मैले भने हे परमप्रभु स्वर्गका परमेश्वर महान् र भययोग्य परमेश्वर, तपाईंलाई प्रेम गर्नेहरू र तपाईंका आज्ञापालन गर्नेहरूसँग तपाईंले आफ्नो करार विश्वाससित राख्नुहुन्छ ।" (नहेम्याह १ : ५) उहाँको शामीको बारेमा आफ्नो परिवारलाई राम्रोसँग बताउनु पर्छ । प्रार्थना गरेर पनि हामी परमेश्वरको उपस्थितिको प्रतिक्रिया दिन सक्छौं । "हरेक पहरको सुरुमा राति उठेर करा, परमप्रभुको उपस्थितिमा तेरो हृदय पानीझैं पोखा, गल्लीका मोडमा भोकले मुर्छा खाने आफ्ना बालकहरूका प्राणको निम्ति आफ्ना हात उहाँतिर उठा ।" (विलाप २ : १९) यो कुरा पनि आफ्नो परिवारलाई पनि परमेश्वरको हृदय कस्तो छ भनि राम्रोसँग सिकाउनु पर्छ । अर्कोचाहिँ हामीले उहाँलाई प्रतिक्रिया दिँदा उहाँले के भन्नुभएको छ भन्ने सुन्नुपर्छ । "तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ र तपाईं कृपापूर्वक आउनुभयो, अब प्रभुबाट हामीलाई आशा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं ।" (प्रेरित १० : ३३) परमेश्वर बोल्नुभएको अवाज सुन्नको निम्ति हाम्रो परिवारलाई पनि तयारी बनाउनु पर्छ र दैनिक जीवनमा व्यवहारमा उतार्न सिकाउनु पर्छ । परमेश्वरको प्रतिक्रिया दिनको निम्ति हामी उहाँसँग नजिक हुनुपर्छ । "मेरा सत्यनिष्ठामा तपाईंले मलाई सम्हाल्नु हुन्छ र सदासर्वदा तपाईंको उपस्थितिमा मलाई राख्नु हुन्छ ।" (भजनसंग्रह ४१ : १२) आफ्नो परिवारलाई ख्रीष्टसँग नजिक भएको कुरा पनि राम्रोसँग सिकाउनु पर्छ र विभिन्न उदाहरणहरू दिनुपर्छ ।

**(४) नानीहरूको शान्तिको लागि तपाईंको विशेष इच्छा:** जसरी तपाईंले आफ्नो परिवारलाई परमेश्वरको उपस्थितिको बारेमा सिकाउनु हुन्छ तिनीहरूसँगसँगै तपाईं पनि आशिषित बन्नुहुन्छ । तिनीहरूले शक्ति प्राप्त गर्दा तपाईं आफूले पनि शक्ति पाएको जस्तो अनुभव गर्नुहुन्छ । जब तपाईंले आफ्नो नानीहरूलाई जीवनमा आउने कष्टहरूको समाधन गर्न येशू विश्वासयोग्य हुनुहुन्छ भनी सिकाउनु हुन्छ, उनीहरू दिनदिनै परमेश्वरको वचनमा बढ्दै जान्छन् र संसारदेखि भिन्दै ठान्दछन्, अभाव संसारले जे भन्दछ त्यसको पछि नलागि परमेश्वरको बाटो खोज्न थाल्दछन् । "तेरो सबै छोराहरू परमप्रभुबाट सिकाइनेछन् र तेरा छोराछोरीहरूलाई ठूलो शान्ति मिल्नेछ । धार्मिकतामा त स्थापित हुनेछस् । अत्याचारबाट त टाढा रहनेछस्, त्यो तेरो नजिक आउने छैन, तेरो विरुद्धमा बनाएको जुनसुकै हतियारले पनि मलाई जित्न सक्ने छैन र तँलाई दोषी ठहऱ्याउने हरेक जिब्रोलाई तैंले नै दोषी ठहराउनेछस् । यो चाहिँ परमप्रभुका दानहरूको पैतृक सम्पत्तिको हक हो र मबाट तिनीहरू दोषरहितको प्रमाण यही हो परमप्रभु घोषणा गर्नुहुन्छ ।" (यशैया ५४:१३ - १४ १७)

"जो परमप्रधानको शरणमा बास गर्दछ त्यो मानिस सर्वशक्तिमानको छात्रछाया मुनि रहन्छ । परमप्रभुको बारेमा म भन्ने छु उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ । मेरो परमेश्वर जसमाथि म भरोसा राख्छु । निश्चय नै उहाँले तिमीलाई सिकारीको पासोबाट र घातक रुढीबाट बचाउनु हुनेछ । उहाँले तिमीलाई आफ्ना प्वाखहरूले छोप्नु हुनेछ र उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ । उहाँको विश्वास नियत तिम्रो ढाल र पर्खाल हुनेछ, तिमी रातको ठूलो त्रासदेखि र दिनमा उडेर आउने वाणदेखि डराउने छैनौ न त अन्धकारमा मौलिने रुढीदेखि मध्यदिनमा नाश गर्ने महामारीदेखि डराउने छौ, यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायो भने परमप्रभुलाई जो मेरो शरणस्थान हुनुहुन्छ। तिम्रो कुनै अनिष्ट हुने छैन, तिम्रो घरको नजिक कुनै नियति आउने छैन किनकि उहाँले आफ्ना स्वर्गदूतहरूलाई तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ । तिनीहरूले तिमीलाई ठोकिने छ । परमप्रभु भन्नुहुन्छ त्यसले मलाई प्रेम गरेको हुनाले म त्यसलाई छुट्याउने छु, त्यसैले मेरो नाउँ ग्रहण गरेको छ यसकारण छुट्याउने छु त्यसले मेरो नाउँ ग्रहण गरेको छ यसकारण म त्यसको रक्षा गर्नेछु । त्यसले मेरो पुकार गर्नेछ र म त्यसलाई उत्तर दिनेछु । त्यसका दु:खको घडीमा म त्यससँग हुनेछु । म त्यसलाई छुट्कारा दिनेछु र आदर गर्नेछु । लामो आयु दिएर म त्यसलाई सन्तुष्ट तुल्याउने छु र त्यसलाई म उद्धारको दर्शन दिनेछु ।" (भजनसंग्रह ९१ : १-६, ९-१२, १४-१६)

# प्रार्थनाका बिन्ती पत्रहरू

## Prayers of Petition

Vol. 78. No. 5 (929)

हामीले परमेश्वरसँग विभिन्न प्रार्थनाका विषयहरू जाहेर गर्न सक्छौं । र, येशूले फेरि भन्नुभयो कि तिमी निको भएका छौ, फेरि पाप नगर तर उनीहरूले थाहा पाए कि प्रार्थना गरेर निको पार्ने त खीष्ट नै हुनुहुँदो रहेछ, त्यसपछि गएर यहुदीलाई भनेका छन् । हामी पूर्ण भरोसा परमेश्वरमा राखेका छौं भने हामीले मागेको उहाँले दिनुहुन्छ । हामीले पूर्ण रूपमा मागेका थोक प्राप्त भएको छ भनी विश्वास गर्नुपर्छ । (१ यूहन्ना ५ : १४ - १५) यो चाहिँ हामीले शुद्ध हृदयले पूर्ण विश्वासका साथ माग्नुपर्छ ।

**१. खीष्टमा रहनु**

"ममा रहो, र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ । दाखको बोट म हुँ तिमीहरूचाहिँ हागाहरू हौ । यदि कोही ममा रह्यो भने, र म त्यसमा रहे भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौं ।" (यूहन्ना १५ : ४ - ५)

**२. आत्माद्वारा खीष्टमा आशिषित हुनु**

"हाम्रा प्रभु येशू खीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिषले खीष्टमा आशीर्वाद दिनुभएको छ ।" (एफिसी १ :३)

**३. खीष्टजस्तै हुने निश्चय हुनु**

"जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्नो पुत्रको रूपसमान बनाउनलाई धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होउन् भनेर अघिबाटै नियुक्त गर्नुभयो ।" (रोमी ८ : २९)

**४. शैतानबाट छुटकारा हुनु**

"हामीलाई परीक्षामा पर्न नदिनुहोस् तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमेन ।" (मत्ती ६ : १३)

**५. काम गर्न तयार**

"अनि उहाँका वरदानहरूचाहिँ यिनै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू कोही प्रचारकहरू, कोही मण्डलीहरू पास्टरहरू र कोही शिक्षकहरू बनून्, कि खीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं र परिपक्व मानिस बनी खीष्टका पूर्णताको नापसम्म पुग्दैनौं ।" (एफिसी ४ : ११ - १३)

**६. पापको क्षमा माग्नु**

"हाम्रा अपराध क्षमा गर्नुहोस् जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं ।" (मत्ती छ : १२)

**७. अनुग्रहमाथि अनुग्रह**

उहाँका अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौं ।" (यूहन्ना १ : १६)

**८. पवित्रतामा मैले जे गर्छु -**

"किनभने यो लेखिएको छ, तिमीहरू पवित्र होओ किनभने म पवित्र छु ।" (१ पत्रुस १ : १६)

**९. इमानदारी र सोझोपन**

"इमानदारी र सोझोपनले मलाई सुरक्षित राखून्, किनकि म तपाईंमा आशा राख्दछु ।" (भजनसंग्रह २५ :११)

**१०. उहाँको आनन्द ममा छ -**

"मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस् र तिमीहरूको आनन्द भरिपूर्ण होस् ।" (यूहन्ना १५:११)

**११. ज्ञान र अन्तदृष्टि -**

"मेरो प्रार्थना यही छ, कि ज्ञान र अन्तर्दृष्टिमा तिमीहरूको प्रेम झन्-झन् प्रशस्त हुँदै जाओस् ।" (फिलिप्पी १:९)

**१२. छिमेकीलाई प्रेम गर**

"उहाँले तिनलाई भन्नुभयो, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो र सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नू । महान् र प्रथम आज्ञा यही हो । दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू ।" (मत्ती २२ : ३० - ३९)

**१३. वचनको मनन गर्नु**

"तर परमप्रभुको व्यवस्थामा नै त्यो खुसी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ ।" (भजनसंग्रह १ : २)

**१४. नयाँ तरिकाले हिँड्नु**

"र, आफ्नो भित्री बर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर ।" (एफिसी ४ : २३ -२४)

**१५. खीष्टमा आज्ञाकारी**

"मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्नु तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु ।" (मत्ती २८ : २०)

**१६. आत्मामा प्रार्थना**

"सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो ।" ( एफिसी ६ : १८)

**१७. विश्वासमा शक्ति**

"परमप्रभु परमेश्वर इस्राएलका परमपवित्र यही भन्नुहुन्छ, पश्चाताप र

विश्राममा तिमीहरूको उद्धार छ । मौनधारण र भरोसामा तिमीहरूलाई शक्ति मिल्छ । तर तिमीहरू यी कुनै पनि कुरा चाहन्नौ ।" (यशैया ३० : १५)

**१८. पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द**

"किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो ।" (रोमी १४ : १७)

**१९. उहाँको शक्तिमा दरिलो**

"अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ ।" (एफिसी ६ : १०)

**२०. परमेश्वरलाई आदरयोग्य सोचाई**

"अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेमयोग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराको विचार गर ।" (फिलिप्पी ४ : ८)

**२१. मालिकको निम्ति उपयोगी**

"जे कुरो अनादरको छ यदि कसैले त्यसबाट आफूलाई शुद्ध पाऱ्यो भने त्यो आदरका कामका लागि एउटा पात्र बन्नेछ र घरका मालिकको निम्ति चोखो, उपयोगी र कुनै पनि असल कामको निम्ति तयार रहने छ ।" (२. तिमोथी २ : २१)

**२२. प्रेमले ढाक्नु**

"यी सबैभन्दा बढी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ ।" (कलस्सी ३ : १४)

**२३. आत्मा र सत्यतामा आराधना गर्नु**

"परमेश्वर आत्मा हुनुहुन्छ र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ ।" (यूहन्ना ४ : २४)

**२४. आत्माद्वारा जाँच**

"हे परमेश्वर, मलाई जाँच्नुहोस् र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाँच्नुहोस् र मेरा चिन्ताहरूलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस् ।" (भजनसंग्रह १३९ : २३ - २४)

**२५. परमेश्वरको लागि इच्छुक**

" परमेश्वरका मन्दिरको निम्ति मेरो प्राण इच्छुक र मूर्च्छै पनि पर्छ । मेरो हृदय र मेरो शरीर दुवैले जीवित परमेश्वरको पुकार गर्दछ ।" (भजनसंग्रह ८४ : २)

**२६. परमेश्वरको सेवा गर्ने जोश**

"जोशमा पछि नहट पवित्र आत्मा प्रज्वलित होओ, प्रभुको सेवा गर्दै रहो ।" (रोमी १२ : ११)

Taken from love to pray by Alvin Vander Griend.

# परमेश्वरको प्रेमको सन्देश

## (A Message of God's Love)

Vol. 78 No. 3 (927)

**By Rich Carmicheal**

परमेश्वरले संसारलाई प्रेम गरेर संसारको निम्ति आफ्नो पुत्र दिनुभयो । उहाँले संसारका आएर आफ्नो प्राण त्याग गरी रगतलाई बगाई मानिसको पाप धुनुभयो । "आफ्नो मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन ।" (यूहन्ना १५ : १३)

येशूको क्रूसको मृत्युले मानिसलाई नजिक डोऱ्याउनुपर्छ । उहाँलाई सम्पूर्ण प्रकारको दुःख शारीरिक, मानसिक आत्मिक थियो तर पनि मानिसको निम्ति उहाँले सबै अर्पण गर्नुभयो । उहाँले आफू कुरामा मार्नका निम्ति निर्णाय गर्नुभयो जुन मृत्युले सम्पूर्ण मानिसहरूलाई मुक्ति दिलायो । यो क्रूसको मृत्युले खीष्टलाई अति नै पीडातिर धकेलेको थियो तर पनि उहाँले त्यसलाई अँगाल्नु भयो । उहाँले भन्नुभयो, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ, तिमीहरू यही बस र मसँग जागा रहो ।" (मत्ती २६:३८) उहाँ आफैले आफैलाई टाढा राख्न चाहनुहुन्थ्यो तर पनि आफ्नो इच्छामा होइन । "हे मेरा पिता, हुनसक्छ भने, यो कचौरा मबाट हटोस् तरै पनि मैले इच्छा गरेबमोजिम होइन तर तपाईंले इच्छा गर्नुभए बमोजिम होस् ।" (मत्ती २६:३९) उहाँले यस्तो दुःखको कचौरालाई आफूबाट हटाउन चाहनुभयो भने प्रार्थना गर्दा परमेश्वरको इच्छा खोज्नु भएको थियो । "अत्यन्त संकटमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना लाग्नुभयो र उहाँको पसिना रगतका ठूला ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए ।" (लूका २२ : ४४) त्यो समयमा उहाँले आफ्नो पितासँग कुराकानी गरिरहनुभएको थियो । तरै पनि उहाँले आफ्नैलाई मानिसजस्तै होच्याउनुभएको थियो र मृत्युसम्मै क्रूसमा आज्ञाकारी रहनुभयो (फिलिप्पी २ : ८)

यो घटनाले सबै मानिसहरूलाई आनन्दको आशामा पुग्ने बाटो बनाएको छ । उहाँले आफ्ना चेलाहरूलाई एउटा उदाहरण दिएर छोड्नुभएको छ । मानिसहरूले उहाँलाई गिल्ला गर्न थाले तापनि उहाँ नम्र हुनुभयो बरु उहाँले पितासँग उनीहरूका निम्ति प्रार्थना गर्नुभयो । पिता यिनीहरूलाई क्षमा गर्नुहोस्, यिनीहरू के गर्दैछन्, यिनीहरू आफैले नै जान्दैनन्, त्यति गर्दा पनि थुप्रै मानिसहरूले उहाँलाई त राजा होस् भन्ने क्रूसबाट ओर्लेर आइज परमेश्वरको पुत्र होस् भने तैले क्रूसबाट अचम्मको काम गरेर देखा भन्दै उहाँलाई काडको मुकुट लगाइदिए । उहाँको कपडा निकालेर चिट्ठा हालिदिए तैपनि उहाँ कत्रन लागेको भेडाजस्तै चुपचाप बसिरहनु भयो । अन्तमा

उहाँले आफ्नो जीवनलाई क्रूसमा झुन्ड्याउन तयार बन्नु भयो । त्यहाँका मानिसले उहाँलाई गाली गर्दै भालाले रोपेर उहाँको शरीरमा भएको रगत त सिद्धियो नै, पानी पनि निकालिदिए । यस्तो अवश्यसम्म पनि उहाँले चुपचाप सहेर "हामी पापका लेखी मरेर धार्मिकताको लेखा जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप ठोक्नुभयो । उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ (१ पत्रुस २ : २४) यशैया अगमवक्ताले यसरी भन्दछन्, "निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको उहाँबाट पिटिएको र दुःखमा परेको सम्झयौं तर ऊ त हाम्रा अपराधहरूबाट निम्ति छोडियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा पनि शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो र उनको कोर्राको चोटले हामी निको भयौ । हामी सबै भेडाझैं बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैले अधर्म हालिदिनुभएको छ । ऊ थिचोमिचोमा पर्‍यो र उसलाई कष्ट पर्‍यो, तापनि उसले आफ्नो मुख खोलेन । मारिनलाई लागेको थुमाजस्तै ऊ डोर्‍याएर लगियो । आफ्नो ऊन कत्रनेको सामु भेडा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन । अत्याचार र इन्साफद्वारा ऊ लगियो । उसका सन्तातका बारेमा कसले विचार गर्न सक्छ ? किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पर्‍यो । उसको चिहान दुष्टहरूसित बनाइयो र मृत्युमा धनीहरू उसको साममा थियो, यद्यपि उसले केही उपद्रव गरेको मिसन न त उसको मुखमा केही छल थियो तापनि उसलाई चकनाचुर कनटमा पार्न परमप्रभुको इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोषबलिझैं बनाउनु भए । तापनि, उसले आफ्ना छोराछोरीलाई देख्नेछ र आफ्नो दिन उठाउने छ र परमप्रभुको इच्छा उसकै हातमा उन्नत हुनेछ । उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ । आफ्नो ज्ञानद्वारा मेरो धर्मी दासले धेरैलाई धर्मी बनाउनेछ, र उसले तिनीहरूका अधर्म वोक्नेछ । यसैकारण महान्‌हरूसँग उसलाई पनि म एक भाग दिनेछ, र उसले लुटको माल सामर्थीहरूसित बाँड्ने छ । किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो र ऊ अपराधीहरूको गन्तीमा गनियो । किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गर्‍यो ।" (यशैया ५३ : ४ - १२) ख्रीष्ट हाम्रो निम्ति सराप बनिदिनु भयो । "हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुट्याउनु भयो, किनकी काठमा झुण्डिने हरेक समर्पित हुन्छ, भन्ने लेखिएको छ ।"(गलाती ३ : १३) "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रो खातिर पाप बनाउनु भयो ।" (२ कोरिन्थी ५ : २१)

येशूले हाम्रो पापहरूलाई आफैमा लिनुभयो र हामीलाई पापरहित बनाउनु भयो । हाम्रा सबै पापहरू लिएर उहाँ परमेश्वरको दाहिने बाहुलीतिर रहनुभएको छ । जब उहाँ क्रूसमा झुन्डिनुभएको थियो । उहाँले आफ्नो प्राण त्याग्ने बेलामा ठूलो स्वरले कराउनु भयो र भन्नु भयो- "इलोई, इलोई, लामा सबखथनी ? अर्थात् हे मेरा परमेश्वर, हे मेरा परमेश्वर तपाईंले मलाई किन त्याग्नुभएको छ ।" (मत्ती २७ : ४६) उहाँले फेरि पनि यसो भन्नुभयो र कराउनु भयो ।" हे पिता, मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु । यति भनेर उहाँले आफ्नो प्राण त्यागिदिनुभयो ।" ( लूका २३ : ४६)

**किन यति ठूलो बलिदानः** किन येशूले यति ठूलो क्रूसको दुःख बोक्नुभयो ? किन स्वर्गीय पिताले आफ्नो पुत्रलाई बलिदान दिन पठाउनु भयो ? किनकि त्यहाँ ठूलो करण छ क्रूसद्वारा मात्रै पापको प्रायश्चित छ । त्यसैले उहाँले आफ्नो पुत्रलाई क्रूससम्म जानको निम्ति पठाउनु भयो । (मत्ती २६ : २८, हिब्रू ९:२२, २८) छुटकारा दिनलाई (एफिसी १:७, १ पत्रुस १: १८ - १९, प्रकाश ५:९) न्याय गर्नलाई (रोमी ५:९) र सम्बन्ध बनाउनलाई (यशैया ५३ : ५, रोमी ५ : १० कलस्सी १ : २०, १ पत्रुस ३ : १८) पापको शक्तिबाट स्वतन्त्र गर्नलाई (रोमी ६:५ - ७, हिब्रू ९ : १४ - १५) मृत्युको डरदेखि स्वतन्त्र बनाउन( हिब्रू २ : १४ - १५,) चङ्गाइ गर्न (यशैया ५३ : ५) पवित्र पर्न (हिब्रू १३ : १२) र अनन्त जीवन दिई परमेश्वर कहाँ लान ( यूहन्ना ३ : १६, १ थेसलोनिकी ५ : १०)

सबैभन्दा सानो क्रूसको मृत्युले अचम्मको सत्यतामा पुर्‍याउँदछ । किनकि परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ । क्रूसको मृत्युले हामीलाई यही सन्देश दिन्छ कि संसारका सबै भोकालाई भन्दा परमेश्वरले परमेश्वरले मानव जातिलाई बढी प्रेम गर्नुहुन्छ ।" किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले आनन्त् जीवन पाओस् ।" (यूहन्ना ३ : १६) "तर परमेश्वरले हाम्रो निम्ति मर्नुभयो ।" (रोमी ५ : ८) "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनु हुन्छ जुन जीवन शरीरमा म अहिले जिउनुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।"

(गलाती २:२०) "आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो अरू कसैको हुँदैन ।" (यूहन्ना १५:१३) "यसैबाट प्रेम के हो हामी थाहा पाउँछौ कि उहाँले हाम्रो निम्ति प्राण दिनुभयो हामीले पनि आफ्ना दाजुभाइहरूको निम्ति आफ्नो प्राण दिनुपर्छ ।" (१ यूहन्ना ३:१६) "परमेश्वरको प्रेम हाम्रो माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्नो एक मात्र पुत्र संसारमा पठाउनु भयो, ताकि पुत्रद्वारा हामी जिउन सकौं ।" (१ यूहन्ना ४:९) "विश्वास योग्य साक्षी येशू ख्रीष्टदेखि मृतकबाट प्रथम जीवित हुनुभएको तथा पृथ्वीका राजाहरूको शासकको तर्फबाट हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पर्नु हुनेलाई ।" (प्रकाश १ : ५)

जब हामी क्रूसलाई हेर्दछौं शक्ति अत्यन्त प्रवल पुकारले हामीमाथि आएको थाहा गर्छौं । पिताको सबैभन्दा ठूलो उपहार उहाँको पुत्र हाम्रो मुक्तिको लागि दिनुभएको गर्दछौं । परमेश्वरको थुमाको बलिदानले अति नै अनमोल रगतका थोपाथोपाले हाम्रो पापलाई पखालिकन जुन परमेश्वरसँग टाढा भएको सम्बन्धलाई साँधको रूपमा मिलापमा ल्याउनु भयो । उहाँले दिनुभएको जीवनदानले हामीलाई प्रेममा बाँधेको र अरूलाई पनि प्रेम गर्न सिकाएको छ । "विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरुन र प्रेममा जरा गाडिएका र दरिला भएर सबै सन्तहरूसँग चौडाइ लम्बाइ-उचाइ गहिराइ के रहेछ सो बुझ्न शक्ति प्राप्त गर्न सकार ज्ञानलाई माफ गर्ने ख्रीष्टको प्रेमलाई थाहा गर्न ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ ।" (एफिसी ३ : १७ - १९)

# येशूख्रीष्ट ममा

"ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु अबउप्रान्त जिउने म होइन तर ख्रीष्ट ममा जिउनु हुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जिउँछु जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।" (गलाती २ :२०) मेरा साना बालक हो, ख्रीष्ट तिमीहरु मा नबनिनु भएसम्म । म फेरि प्रश्रव पीडामा छु ।" ( गलाती ४ : १९) प्रत्येक ख्रीष्टियनले अरु मानिसमा येशू ख्रीष्टको इच्छा पूरा नहुन्जेल यसरी नै पीडित अवस्थामा हुनुपर्छ जसले गर्दा छिटोभन्दा छिटो परमेश्वरको योजना पूरा गर्न सकिन्छ । जुन मानिससँग परमेश्वरको उपस्थिति हुन्छ, त्यस मानिसले विभिन्न किसिमका आत्मिकी फल फलाउन सक्नछन् ।" तर पवित्रआत्माको फलचाहिँ प्रेम, अशान्त, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता र नम्रता र संयम हुन् ।" (गलाती ५ : २२-२३) येशू ख्रीष्ट ममा रहनु भनेको हरेक ख्रीष्टियनको सम्पत्ति हो । सबै विश्वासीहरु विश्वासमा काम गरिरहेका हुन्छन् र सबैजना एक अर्कामा ख्रीष्टको प्रेमहारा बहुमूल्य हुन्छन् । "ख्रीष्ट येशूमा न त खतना केही न वेखतना केही मूल्यको हुन्छ । तर एउटै कुरामा मात्र मूल्य छ अनि त्यो हो प्रेमद्वारा काम गर्ने विश्वास ।" (गलाती ५ : ६) धार्मिक सिद्धान्तअनुसार धार्मिकतालाई नजिकमा ल्याउन शारीरिक इच्छा होइन आत्मिकी इच्छा पूरा गर्नुपर्छ । हरेक विश्वासीहरु इच्छामा होइन आत्मिकी इच्छा पूरा गर्नुपर्छ । हरेक विश्वासीहरु जो ख्रीष्टमा छ उनीहरुले पवित्र आत्माको उपस्थितिलाई स्वीकार्नु पर्दछ । जसले गर्दा ख्रीष्टमा धार्मिक जीवन जिउन सकिन्छ ।

ख्रीष्टले हामीलाई उहाँजस्तै हुनलाई बोलाउनुभएको हो । जसरी पवलले गलातीको मण्डलीलाई धार्मिकताका फलहरु यस्ता हुन्छ भनेर देखाउन सके ती फलहरु फलाउनको निम्ति हामी कोशिस गर्नु पर्छ । गलातीका विश्वासीहरुको बीचमा यी आत्माका फलहरुको कमी थियो । ख्रीष्टलाई प्रेम गरे तापनि आत्मिकी फलहरु फलाउन सकेका थिएनन् । यसकारण पवलले यसो भन्नुपरेको हो । यदि ख्रीष्ट हामीभित्र हुनुहुन्छ भने हरेक विश्वासीले यस्ता किसिमका आत्मिकी फल फलाउन अति नै आवश्यक छ । मानिसका सबै बान- व्यवहारहरु ख्रीष्टको बानी-व्यवहारसँग मिल्दोजुल्दो हुनुपर्छ । कोही पनि मानिस ख्रीष्टमा जन्मेको छ भने उससँग पवित्र आत्मा हुनुहुन्छ । जस्तो भए तापनि सबै ख्रीष्टियनहरु ख्रीष्टको वचनमा भोकाएका हुँदैनन्, नामधारी ख्रीष्टियन बनेका हुन्छन् । हरेक ख्रीष्टलाई विश्वास गर्नेहरुले येशू ख्रीष्टमा धर्मी छु भन्ने बिर्सनु हुँदैन । किनकि ख्रीष्टले मलाई पवित्र बनाउनको निम्ति क्रूसमा रगत बगाउनु भयो । त्यसैले यदि म ख्रीष्टमा छु भन्दछु भने ख्रीष्टको क्रूसमा अपनाउनुपर्छ र उहाँलाई पछ्याउनु र उहाँलाई पछ्याउनु पर्छ ।

**नियमित बाइबल पढ्ने बानी बसालौं**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**